# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, वैशाख २१ गते २०३३ साल**

श्री ५ को सरकार

**गृह पञ्चायत मन्त्रालयको**

**सूचना**

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले दुर्गम क्षेत्र एवं स्थानीय विकास विभाग पूर्वाञ्चल क्षेत्रीय कार्यालयलाई चाहिने गोदामघर निर्माण गर्नको लागि कोशी अञ्चल, सुन्सरी जिल्ला, इटहरी गा. पं. वडा नं. ४ (ख) मा पर्ने पूर्व बाटो एवं पैन, पश्चिम कि नं. ३९ र कि. नं. ७ को बाँकी भाग, दक्षिण राजमार्ग र उत्तर ७ नं. कित्ताको बाँकी भाग यति चारकिल्लाभित्रको जम्मा जग्गा ०–१०–० (दश कट्ठा) को जम्मा मालपोत रू. २५।४७ (पच्चीस रुपैयाँ सतचालीस पैसा) लाग्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी वापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।



809 ~~E09~~ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. कृष्णबहादुर विष्टको नाउँमा दर्ता रहेको कि. नं. ४६ को पूरै जग्गा ०–१–० को पोत रू. २।५५ लाग्ने कित्ता– – – – –१

२. कमलबहादुर रायमाझीको नाउँमा दर्ता रहेको कि. नं. ५० को पूरै जग्गा ०–१–० को पोत रू. २।५५ लाग्ने कित्ता– – – – –१

३. ऋषिरामको नाउँमा दर्ता रहेको कि. नं. ६२ को जग्गा मध्येबाट ०–५–० को पोत रू. १२।७२ लाग्ने कित्ता– – – – –१

४. जङ्गली थरुनीको नाउँमा दर्ता रहेको कि. नं. ७ मध्येबाट ०–३–० को पोत रू. ७।६५ लाग्ने कित्ता– – – – – – –१

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

~~६०२~~ ६०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।